किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कोहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ मितिः २०७७/०६ /२५
च.न.

## प्रेस बिज्ञप्ती

किस्पाङ गाउँपालिकावाट कर्मचारी तथा अन्य स्थानीय वासीहरुको पि.सि.आर परिक्षणको लागि मिति २०७७/०६/२१ गते १३ जनाको स्वाव संकलन गरी राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला, टेकु काठमाण्डौ पठाईएकोमा मिति २०७७/०६/२४ गते प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा कार्यरत ४ जना कर्मचारीहरुमा कोरोना भाईरस (कोभिड १९) संक्रमण पुष्टि भएकोले अति आवश्यक काम वाहेक घर बाहिर ननिस्कन तथा निस्कनै परेमा आवश्यक सुरक्षा सावधानी अपनाउनुहुन र कोभिड १९ संग मिल्दोजुल्दो लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकी, वडा कार्यालय, गाउँपालिकामा सम्पर्क गर्नुहुन सर्म्पुण किस्पाङ बासीहरुमा अनुरोध छ। हाल संक्रमण भएका कर्मचारीहरुसंग सेवा लिने क्रममा सम्पर्कमा आउनुभएका ब्यक्तिहरुद्वारा समुदायमा संक्रमण फैलिनवाट रोक्न कन्ट्याक्ट ट्रेसिङ कार्य भैरहेकोले मिति २०७७/०६/२५ गते देखि यस गाउँपालिका अन्तर्रगतका अत्यावश्यक वाहेकका सबै कार्यालयहरु अर्को सुचना नभएसम्मको लागि वन्द हुने जानकारी गराईन्छ ।

यस गाउँपालिका अन्तरगत वडा स्तरमा रहेका कोभिड १९ रोकथाम तथा नियन्त्रण समुह (CPG) ले आ-आफ्नो वडा भित्र प्रवेश गर्ने सवारी साधन तथा सवार ब्यक्तिहरुको आवश्यक सुरक्षा मापदण्ड अनुरुप भएनभएको अनुगमन गरी आ-आफ्नो वडा भित्र आएका ब्यक्तिहरुको तथ्याङ्क ब्यवस्थापन तथा अवस्था निरिक्षण गर्नु गराउनुहुन अनुरोध गरीन्छ ।

.................
छत्र वहादुर लामा
(अध्यक्ष)